# जानकी गाउँपालिका,बाँकेको

## स्थानीय राजपत्र

खण्डः १ संख्याः ९ प्रमाणीकरण :२०७६/०३/२५

प्रकाशन: २०७६/०४/१०


**भाग-१**

# जानकी गाउँपालिकाको विनियोजन बिधेयक — २०७६

## प्रस्तावना :

जानकी गाँउपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जानकी गाँउपालिको गाँउ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “ जानकी गाँउपालिको विनियोजन बिधेयक, २०७६” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**:

(१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त जानकी गाउँपालिकाको वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **५१,५१,५१,०००.००** (अक्षरुपी अक्षरेपी एकाउन्न करोड एकाउन्न लाख एकाउन्न हजार मात्र मा नवढाई निदृष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ )।

३. **विनियोजन**:

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त जानकी गाँउपालिकाको गाँउ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाँउ कार्यपालिकाले बचत हुने शिर्षक नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको बढीमा २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । यसरी रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रही गर्नु पर्नेछ ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाँउ कार्यपालिकाले निर्णय गरी गाउँसभाको स्वीकृति गराइ मात्र लागु हुनेछ ।

# अनुसूचि-१

**(दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संञ्चित कोषबाट विनियोजन हुने रकम (रु.हजारमा)**

# जानकी गाउँपालिका बजेट

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च (रु) | पूँजिगतखर्च (रु) | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १. | प्रशासनिक कार्यसंचालन खर्च | ८०५५० | - | - | - |
| २. | समपुरक कोष | - | ३५००० | - | - |
| ३. | आर्थिक विकास क्षेत्र | - | २०००० | - | - |
| ४. | सामाजिक विकास क्षेत्र | - | २०००० | - | - |
| ५. | पूर्वाधार विकास क्षेत्र | - | १३११०१ | | - |
| ६. | वन,वातावरण तथा विपद व्यवस्थापन विकास क्षेत्र | - | २५०० | - | - |
| ७. | संस्थागत क्षमता विकास तथा सुशासन विकास क्षेत्र | - | ५००० | - | - |
| ८. | शशर्त अनुदान(संघ,प्रदेश) | - | ११६००० | - | - |
| ९. | सामाजिक सुरक्षा रकम | - | १०५००० | - | - |
| | **जम्मा** | ८०५५० | ४३४६०१ | - | ५१५१५१ |

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत